आज मिति २०७७।०१।१४ गतेका दिन यस चौदण्डीगढी न०पा० नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसियो।

तपसिल

१. श्री खगेन्द्र राई - नगर-प्रमुख
२. श्री रिता कुमारी चौधरी - उप-प्रमुख
३. श्री शेरदिलमान तामाङ - अध्यक्ष - वडा नं. १
४. श्री सन्तोष सुवेदी - ,, २
५. श्री परशुराम राई - ,, ३
६. श्री चरण कुमार राई - ,, ४
७. श्री देव नारायण चौधरी - ,, ५
८. श्री कमलध्वज राई - ,, ६
९. श्री तेजराज तिम्सिना - ,, ७
१०. श्री श्याम कुमार मगर - ,, ८
११. श्री प्रकाश राउत - ,, ९
१२. श्री राम कुमार खड्का - ,, १०
१३. श्री देवि कार्की - न०का०स०
१४. श्री जानुका कमर - ,,
१५. श्री मदन कुमारी कार्की - ,,
१६. श्री विमला राई - ,,
१७. श्री अस्मिता नेपाली - ,,
१८. श्री प्रमिला दनुवार - ,,
१९. श्री सुन्दरप्रकाश साह - ,,
२०. श्री सत्यनारायण दुजदार - नि. कार्यालय प्रमुख
२१. श्री अम्बर बहादुर मगर - लेखापाल

प्रस्तावहरु

१. नगर क्षेत्र बाहिर रहेका व्यक्तिहरुको विवरण सम्बन्धित निकायहरुमा पठाउने सम्बन्धमा।
२. संघिय सरकारले गरेका निर्णयहरु कार्यान्वयन गर्ने सम्बन्धमा।
३. राहत संकलनको लागि बैंक खाता उपलब्ध गराउने सम्बन्धमा।
४. दररेटको लागि सूचना प्रकाशन गर्ने सम्बन्धमा।
५. थप क्वारेन्टीन निर्माण गर्ने सम्बन्धमा।

Scanned by CamScanner

# छलफल तथा निर्णयहरु

**नि.नं.१** प्रस्ताव नं.१ माथि छलफल गर्दा यस चौदण्डीगढी नगरपालिकाको च.नं. १३२१ मिति २०७६।१२।२० गतेको परिपत्र अनुसार यस नगरपालिकाका १० वटै वडाहरुबाट यस नगर क्षेत्र बाहिर अध्ययन तथा दैनिक ज्यालादारीको सिलसिलामा गएका व्यक्तिहरुको विवरण संकलन भई आएको हुँदा उक्त विवरण सम्बन्धित निकायहरुमा पठाउने निर्णय गरियो । साथै निजहरुलाई हाल बसेकै स्थानहरुमा सुरक्षितरुपमा स्वास्थ्य परिक्षणको व्यवस्था मिलाई सम्बन्धित निकायहरु संग समन्वय गरि ल्याउने व्यवस्था मिलाउने सो सम्भव नभएमा बसेकै स्थानहरुमा सुरक्षित रुपमा बसोबासको व्यवस्था मिलाउने निर्णय गरियो ।

**नि.नं.२** प्रस्ताव नं.२ माथि छलफल गर्दा हालको कोरोना महामारीको संक्रमण न्यूनिकरणको लागी नेपाल सरकारले देशव्यापी रुपमा लकडाउन घोषणा गरेको र उक्त लकडाउनको कोही कसैले उलंघन गरेमा संक्रमण ऐन बमोजिम कानुनी कारबाही गर्ने निर्णय गरेको साथै अत्यावश्यक अवस्थामा पास उपलब्ध गराउने सम्बन्धमा आवश्यक प्रमाणहरुको आधारमा epass को व्यवस्था गरेको हुँदा अत्यावश्यक बाहेक सामान्य अवस्थामा पास लिने कार्यलाई निरुत्साहित गर्ने साथै कोरोना संक्रमण रोकथामको लागि नेपाल सरकारले गरेका निर्णयहरु पूर्णरुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

**नि.नं.३** प्रस्ताव नं.३ माथि छलफल गर्दा यस नपा.को प्रकोप व्यवस्थापन कोष खाता संचालन गरि ईच्छुक सहयोगीहात तथा दाताहरुलाई खाता नं. उपलब्ध गराउने सम्बन्धमा यस नपा.को मिति २०७६।१२।२८ गते निर्णय भएकोमा तत्काल उक्त खाता संचालन गर्न सम्भव नभएकोले यस नपालाई व्यक्तिगत तथा संस्थागत रुपमा राहतका लागी आर्थिक तथा अन्य सहयोग गर्न ईच्छुकहरुको लागी यस नपाको संचित कोष (मुल) खाता नम्बर ३६६०३०४१९१०२ मा जम्मा हुने गरि उपलब्ध गराउने निर्णय गरियो ।

Scanned by CamScanner

नि.नं.४ प्रस्ताव नं.४ माथि छलफल गर्दा हाल देशव्यापीरुपमा नेपाल सरकारले घोषणा गरेको लकडाउनबाट दैनिक गुजारामा प्रभाव पर्ने अतिविपन्न परिवारको लागि थप खाद्यान्न सामाग्री राहत वापत वितरण गर्नु पर्ने भएकोले विधमान कानुनमा जुनसुकै व्यवस्था भए पनि हालको विशेष परिस्थितिमा खरिद गर्नु पर्ने भएकाले तपसिलका सामानहरुका लागी प्रचलित बजार दरसँग फरक नपर्ने गरि दररेट पेश गर्नको लागी स्थानीय पत्रिकामा (सात) ७ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने र प्राप्त दररेटको आधारमा ८ औं दिनको दिन बैठक बसि दररेट कायम गरि राहत सामाग्री खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । साथै बैठक मिति २०७७।१।१२ गते ११ बजे बस्ने निर्णय गरियो ।

तपसिल सामानहरु

१. चामल (कान्छी)
२. साबुन (लाइफबोइ) र लुगाधुने साबुन
३. सुर्यमुखितेल ( न्वाइस.
४. दाल मुसुरो
५. मटर सेतो
६. नुन

नि.नं.५ प्रस्ताव नं.५ माथि छलफल गर्दा यस नगर क्षेत्रबाट अध्ययन तथा दैनिक ज्यालादारीको सिलसिलामा कामकाज लगायत विभिन्न क्षेत्रमा गएका यस नगर क्षेत्रका नागरिकहरुलाई सम्बन्धित निकायहरुको अनुमति प्राप्त भएमा ल्याउनु पर्ने र त्यस्ता व्यक्तिहरुलाई क्वारेन्टिनमा राख्नु पर्ने हुँदा सोको लागि सबै वडाहरुले क्वारेन्टिन निर्माणको लागी उपयुक्त स्थानहरु छनोट गरि तयारी अवस्थामा राख्ने र आवश्यकता अनुसार तत्काल क्वारेन्टिन संचालन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

[signatures]